आज मिति २०७९ साल फागुन महिनाको १७ गते बिहान ८.३० बजे मुलुकी फोजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम गठित केन्द्रीय समन्वय समितिबाट निर्णय भए बमोजिम गठित भएको यस जिल्ला समन्वय समिति कालीकोटको बैठक समितिका संयोजक नि.जिल्ला न्यायाधिवक्ता श्री सीताराम राउतको संयोजकत्वमा देहाय बमोजिमका सदस्य एवम आमन्त्रित महानुभावहरुको उपस्थितिमा जिल्ला सरकारी वकील कार्यालय, कालीकोटको सभा हलमा बैठक बसियो। बैठकले देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थितः-</u>

| | | |
|---|---|---|
| नि.जि.न्या.व. श्री सीताराम राउत | जि.स.व.का. कालीकोट | संयोजक |
| स.जि.अ. श्री सरोज अधिकारी | प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, कालीकोट | सदस्य |
| प्र.ना.उ. श्री जयश्वर रिमाल | जिल्ला प्रहरी कार्यालय, कालीकोट | सदस्य |

<u>आमन्त्रितः-</u>

| | |
|---|---|
| प्र.नि. श्री शुबराज बम | जिल्ला प्रहरी कार्यालय, कालीकोट |
| डा. श्री अप्सरा हमाल | जिल्ला स्वास्थ्य कार्यालय,कालीकोट |
| ना.सु.श्री प्रकाशहरि धिताल | जि.स.व.का. कालीकोट |

<u>प्रस्तावहरुः-</u>

१. घटना विवरण कागज गर्ने मानिसहरुको कागज सम्बन्धमा ।

२. नावालकको उमेर यकिन गर्ने सम्बन्धमा ।

३. मानिस फेला नपरेको मुचुल्का सम्बन्धमा ।

४. घाँजाँच तथा शारिरिक परिक्षण प्रतिवेदन सम्बन्धमा ।

<u>निर्णयहरुः-</u>

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा घटना विवरण कागज गर्दा प्रायः जसो एउटै सबै मानिसहरुको कागजको व्यहोरा लेखि कागजात मिसिल सामेल गर्ने गरेको देखिदा प्रत्येक मानिसले फरक फरक व्यहोरा लेखाउने अवस्था विद्यमानता रहने, साथै कागज गर्ने मानिसहरुको पहिचान गर्दा उमेर खुल्ने कागजात साथै मोबाईल नं. उल्लेख गरी कागज गराउन कार्यान्वयनमा ल्याउन अनुसन्धान अधिकारीलाई निर्देश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा १८, १९ वर्षको प्रतिवादीहरुले कुनै कसूर गरेको भनी जाहेरी परेकोमा सोही बमोजिमको उमेरको आधारमा म्याद थप गर्ने गरेको सन्दर्भमा पछि नावालक भनी म्याद थप लिने गरेको अवस्था देखिदा नावालक र सावालकको उमेर यकिन गर्ने उमेर खुल्ने कागजात सम्बन्धीत निकायसँग माग गरी मिसिल सामेल गरी सो बमोजिम शुरु म्याद थप लिने क्रममा नै त्यस्ता उमेर खुल्ने कागजातहरुको पहिचान गरी मिसिल सामेल गर्न अनुसन्धान अधिकारीलाई निर्देश गर्ने निर्णय गरियो ।

३.प्रस्ताव नं. ३ माथि छलफल गर्दा अदालतबाट साक्षीहरुको बकपत्र गर्ने क्रममा बोलावट हुँदा केही साक्षीहरु फेला नपरेको भनी प्रहरी कार्यालयबाट लेखि आएको देखिदाँ कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३०(१) मा र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ बमोजिम अदालतको आदेश अनुसार प्रहरीले सरकारी पक्षको साक्षी गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको कारण खोली अनुसूचि-१९ बमोजिमको ढाँचामा मुचुल्का तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेस गर्नुपर्ने छ ।भन्ने उल्लेख भएबाट नियम ३०(२) मा उपनियम १ बमोजिम पेस भएको मुचुल्का समेत संलग्न गरी सम्बन्धित सरकारी वकीलले पुनः साक्षी गवाह उपस्थित गराउनको लागि अनुरोध गरेमा अदालतले पुनः साक्षी गवाह उपस्थित गराउन आदेश दिन सक्नेछ भनी उल्लेख भएको पाईन्छ अब, उपरान्त साक्षी फेला नपरेको भनी पत्राचार गर्दा साक्षी उपस्थित गराउन कानूनले तोकेको मुचुल्का तयार गरी पठाउन सम्बन्धित निकायलाई निर्देश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा विशेषज्ञले जाँच गरेको घाँ जाँच केस फाराम एवं शारिरिक परिक्षण लामो समयसम्म प्राप्त हुन आएको नदेखिदा त्यस्ता परिक्षण कागजातहरु समयमा प्राप्त नहुँदा अनुसन्धान एवं अभियोजनमा प्रत्यक्ष प्रभाव पर्ने अवस्था रहे भएबाट कानूनले तोकेको समय सीमा भित्र यथाशिघ्र प्राप्त गर्ने तर्फ अनुसन्धान अधिकारी र बिशेषज्ञलाई सो सम्बन्धमा त्यस्ता रिर्पोट कागज उपलब्ध गराउने र प्राप्ती गर्ने तर्फ अनुरोध गर्ने निर्णय गरियो ।